वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आर्क वेल्डिङ, प्लम्बर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सम्पर्कहोस ।

जिल्ला विकास समिति, कास्की
वैदैशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १६३ ○श्रेणी 'क' ○२०७२ चैत्र ५ गते शुक्रबार ○ 18 March 2016 ○पृष्ठ ६ ○मूल्य रू. ५/-

अनुशासन र नैतिकताविहीन व्यक्ति र समाज अन्ततगोत्वा पतन भएर जान्छन्, त्यसैले राष्ट्रिय जीवनमा हरेक आयामहरुमा उदाहरणीय अनुशासन र नैतिकता कायम गर्नुपर्छ । त्यसको शुरुवात आँफैबाट गरौं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

सार्कको साझा शत्रु नै गरिबी–प्रम ओली

भारत-पाक छलफल, विदेशमन्त्रीहरु आज स्वदेश फर्किने

विदेशमन्त्रीहरुको बेकफास्ट बैठकमा सार्कलाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा अनौपचारिक छलफल भएको छ । सबैलाई ग्राण्डीवाट फिस्टेल लजमा बिहानै लगिएको थियो । उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापाले उनीहरुलाई बेकफास्ट गराएका हुन् । उक्त छलफलमा सार्कको क्षेत्रीय केन्द्रहरु बन्द भएको र गाँधीको विषयले प्रवेश पाएको थियो । वातावरण तथा विपत व्यवस्थापन केन्द्र कुन मुलुकमा राख्ने भन्ने विवाद मिलाउन छलफल अघि बढेको थियो । पाकिस्तान सार्कको ११ केन्द्र मध्ये सूचना केन्द्र, मानव समाधन केन्द्र र सार्क अनुसन्धान केन्द्र खोल्ने भइसकेको छ । गम्भिने चार केन्द्र वन व्यवस्थापन, विपद् व्यवस्थापन, तटीय क्षेत्र व्यवस्थापन र जलवायु अनुसन्धान केन्द्रलाई आपसमा साझेर एउटै सार्क वातावरण तथा विपद व्यवस्थापन केन्द्र बनाइएको भए पनि कुन मुलुकमा राख्ने भन्नेमा अन्यौलता कायम छ । यसको विषयमा बसेको कार्यक्रम समिति बैठक पटक पटक असफल भएको थियो । विदेशमन्त्रीहरुका अध्यक्षको रुपमा रहेका थापानाई पनि सुध्याने बोलाएर उक्त प्रस्ताव टुंगोमा पुऱ्याउने र सार्कलाई अघि बढाउन आवश्यक रहेको बताएकी छन् । अन्य विषयमा पनि उनीहरु बीच खुलेर कुराकानी भएको फिस्टेलमा उपस्थित एकले बताए ।

विदेशमन्त्रीहरु शुक्रवार विहान स्वदेश फर्कने

सार्कको विशेष मन्त्री स्तरीय बैठकमा सहभागी हुन आएका सबै टोली शुक्रवार विहान स्वदेश फर्कने छन । भारतीय विदेशमन्त्री सुष्मा स्वराज पोखराबाट सिधै गोरखपुर जाने भए पनि अन्य सबै बाठाहाडी पुग्ने र त्यहाबाट स्वदेश फर्कने कार्यक्रम रहेको परराष्ट्र अधिकारीले बताए । कतिपय उच्चअधिकारीहरु भने स्वलमार्ग बाट बाठाहाडी जाने भएका छन । उनीहरुमध्ये धेरैले फुर्सदको समयमा पोखराको सबै स्थान घुमेका छन । कतिपय विहानै सगरकोट पुगे । भने केहीले फेवा तालमा बोटिङ समेत गरे । मन्त्री स्तरबाट भने फिस्टेलमा जान बरीबाट पारी बोट्मा गर्ने बाहेक अन्य घुमाफिर हुन सकेको छैन । शुक्रवार विहान फेवातालमा बाकायुन गर्ने र बोटिङ गर्ने कार्यक्रम रहेको भए पनि त्यो स्थगन भएको अधिकारीहरुले बताए । वेलुका साढ़े सिनमा उनीहरु बाहिर निस्कने पनि बताइएको छ ।

दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)को २७औं मन्त्रिपरिषद् बैठकको विहीवार पोखरामा उद्घाटन गर्दै प्रधानमन्त्री केपी शर्मा ओली । तस्विर : पोखरा, रासस

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ चैत्र ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को आगामी बैठक यसैवर्ष नोभेम्बरको ८, ९ र १० तारीखमा पाकिस्तानमा हुने भएको छ । सम्मेलनमा पाकिस्तान मा हुने यसअघि नै तय भएपनि त्यसको तिथि भने पोखरामा जारी सार्क राष्ट्रका विदेशमन्त्री स्तरीय बैठकले विहीवार टुङ्गो लगाएको हो । त्यस्तै सार्कको विपद व्यवस्थापन सम्बन्धी केन्द्र कहाँ राख्ने विवाद पनि टुङ्गिएको छ । भारत र पाकिस्तानको त्यसमा दावी रहेपछि त्यसलाई टुकयाएर वातावरण र उर्जा पाकिस्तानमा र विपद व्यवस्थापन भारतमा राख्ने सहमति भएको बैठक स्रोतले जनाएको छ ।

बैठक सकिएपछि आयोजित पत्रकार सम्मेलनमा बोल्दै उपप्रधानमन्त्री एवम् सो बैठकको अध्यक्षता गरेका परराष्ट्रमन्त्री कमल थापाले पोखरा बैठक कोशेढुङ्गा भएको दावी गरे । उनले सार्कका आगामी शिखर सम्मेलन हरेक र वर्षको नोभेम्बर महिनामै गर्ने निर्णय गरेको बताए । सार्क इकोनोमिक भिजन लक्ष्य प्राप्तिको लागि सार्क सदस्य राष्ट्रका गभर्नरले गर्ने निर्णयको समीक्षा गर्दै अघि बढ्ने निर्णय गरेको बताए । साप्टा र साप्टिलाई प्राथमिकताका साथ बढाउने मन्त्री थापाले जानकारी दिए। उनले सार्कलाई अझै प्रभावकारी बनाउने गरी स्पष्ट दृष्टिकोणका लागि अघि बढ्न सदस्य राष्ट्रका सहमागी सहमत भएको बताए ।

यसैबीच दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्कका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले यस क्षेत्रको विकासको बाधक नै गरीबी भएको बताएका छन् । उनले गरिबीको चुनौतिलाई कम्युनिष्ट शैलिमा भने,-'दक्षिण एसियाको साझा शत्रु नै गरिबी हो । आपसी सहकार्यमा अभाव हो ।' पोखरामा आयोजित सार्कको मिनि शिखर सम्मेलन अन्तर्गत विहीवार ३७ औं मन्त्रीस्तरीय बैठकको औपचारिक उद्घाटन गर्ने क्रममा प्रधानमन्त्री ओलीले त्यस्तो बताएका हुन् ।

उनले यस क्षेत्रमा रहेको एक अर्ब ६० करोड जनताको अवस्था सुदृढ गर्नका लागि सहकार्यमा जोड दिदै गरिबी र पछाडिपन सार्क मुलुकका साझा शत्रु रहेको बताए । 'गरिबी निवारणका निम्ति सार्कका देशहरुबीच आपसी सहकार्य कार्यक्रमन तहमा आउन आवश्यक छ,' उनले भने-'यस क्षेत्रसंग क्षमता, प्रैयता र बृहत स्रोत हुंदा-हुदै पनि किन गरीबी नामकी शत्रुमाथि जित हासिल गर्नसकेका छैनी यो नै हाम्रो चुनौति हो ।' उनले थपे,-'यसका लागि हामीले आपसी समन्वयलाई प्रगाढ बनाएर अघि बढ्न सक्नुपर्छ । सडक र रेल सञ्जालाई यस क्षेत्रमा व्यापक पारेर मात्र समृद्धिको सपना पुरा गर्न सकिन्छ ।'

'यस क्षेत्रमा एकले अर्कामा सहकार्य गर्न सक्ने विषयहरु पूर्वाधार विकास, सकारात्मक सोच, विज्ञता, सूचना तथा सञ्चार, पूर्विधि लगायतका क्षेत्रमा यी देशहरुबीच आपसी समन्वय र समझदारी भएमा विकास टाढा छैन', उनले भने,-'यस्तो गर्न सके हामीले विश्व यसक्षेत्रको उपस्थिति गरिमामय बनाउन सक्ने छौं ।'

यस क्षेत्रका एक मुलुकलाई समस्या पर्दा अर्कोले सघाउने संस्कार उदारणीय रहेको चर्चा गर्दै नेपाल महाभूकम्पको चपेटामा पर्दा सदस्य मुलुकले देखाएको सवासहायताको पनि उनले प्रशसा गरे । यस्तैप्रकारको भावना लिएर सार्क सदस्य मुलुकहरु अघिबढ्न पर्नेमा उनले जोड दिए ।

प्रधानमन्त्री ओलीले नेपालमा हालै घोषणा भएको नयाँ संविधान बारे समेत उदघाटनसत्रमा जानकारी दिए । नेपालको नयाँ संविधान जारी पकया र कार्यान्वयन पछि उदारणीय रहेको भन्दै उनले यसबाट लोकतन्त्र संस्थागत गर्दै मुलुकलाई समृद्ध बनाउन सघाउ पुर्ने बताए । उनले भूकम्पका बेलामा नेपाललाई सहयोग गरेकोमा सबै देशलाई आभार व्यक्त गरेका छन् ।

विदेश मन्त्रीस्तरीय बैठकको अध्यक्षता गरेका उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापाले स्थल, जल र वायु मार्गबाट सार्क सदस्य मुलुकलाई एकअर्कासंग आवद्ध पार्ने अघि बढ्नुको विकल्प नभएको बताए । त्यापार विस्तार लगायत आर्थिक उन्नतिका कार्यक्रम सञ्चालन गर्नका लागि सकड, जल र वायु संजालले एक अर्कामा जोड्नु नै पर्ने हुनाले अहिलको बैठक यसमा नै केन्द्रत रहेको उनले स्पष्ट पारे । बुधवार निर्धारण भएका कार्यसूचीमा सार्कले विगतमा गरेका निर्णयको कार्यान्वयन सदस्य राष्ट्रले स्वीकार गरेका तर कार्यान्वयन नगरेका कार्यक्रम प्रभावकारी रुपमा लागु गर्नुपर्ने, निर्धारित समयमा नै सार्कका गतिविधि हुनुपर्ने जस्ता विषयमा ध्यान दिएर सार्कलाई अघि बढाउन पर्ने मा परराष्ट्रमन्त्री थापाले जोड दिए । उनले कतिपय सम्झौता भए लागु हुन नसकेको र सम्झौता नभएका सबैलाई प्राथमिकता दिदै अघि बढ्न पर्ने बताए । उनले पोखरा नेपालको एक सुन्दर नगरी हो । यो पर्यटकिय शहरमा सबैलाई सधै स्वागत रहेको समेत बताए । बैठकमा भारतका विदेशमन्त्री सुष्मा स्वराज, श्रीलंकाकी विदेशमन्त्री मंगला समरवेरा, माल्दिभ्सका विदेशमन्त्री ड्न्या मौमुन, बंगलादेशका विदेशमन्त्री अबुल हसन मोहम्मद अली, भूटानका विदेशमन्त्री डामचो दोर्जी, अफगानिस्तानका उपविदेश मन्त्री सिमत सादिद कार्जाइ र पाकिस्तानका प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार सर्ताज अजिज

बाँकी ३ पृष्ठमा.....

'प्लाष्टिकको भरपर्दो विकल्प देउ'

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ चैत्र ।

कास्की खसी तथा कुखुरा मासु व्यवसायी समितिमा आवद्ध व्यवसायीहरुले पोखरामा भरपर्दो विकल्प नभई प्लाष्टिक प्रतिबन्ध नलगाउन आग्रह गरेको छ । पोखरा उप-महानगरपालिका कार्यालयले आगामी वैशाखदेखि पोखरामा प्लाष्टिक झोला तथा गिलास निषेध गर्ने तयारीस्वरुप पोखरका खसी तथा कुखरा मासु व्यावसायीहरुसंग गरेको अन्तर्क्रिया कार्यक्रममा उनीहरुले यस्तो जोड दिएका हुन् । कार्यक्रममा वोल्दै समितिका अध्यक्ष भोलानाथ ओझाले आफूहरुले लामो समयदेखि नगरपालिकासंग सहकार्य गर्दै आएको भएपनि विकल्प विनाने प्लाष्टिक निषेध गर्न लागेकोमा आपत्ति जनाए । उनले भने-'नगरपालिकाले चालेको कदम सहानीय भएपनि उचित विकल्पको खोजीमा नगरपालिका संवेदनशिल भएन । मासु व्यवसायीका लागि प्लाष्टिकको विकल्प हुन नसक्ने भन्दै अध्यक्ष ओझाले यसमा पुनर्विचार गर्न नगरपालिकालाई आग्रह गरे । पोखरामा २० माइक्रोन भन्दा वढीको प्लाष्टिक प्रयोग गर्नका लागि सबैले प्रतिबद्धता जनाउनुपर्नेमा जोड दिदै उनले प्लाष्टिक व्यवसायीहरु संग यस विषयमा छलफल गर्नुपर्नेमा जोड दिए ।

छलफल कार्यक्रममा समितिका वरिष्ठ उपाध्यक्ष गोविन्द तिवारी, सचिव ज्ञानहरि आचार्य, निर्वतमान अध्यक्ष पं प्रसाद पौडेल, व्यवसायीहरु राजेन्द्र तिमिल्सिना, परशुराम तिवारी, विकल साही, कास्की कुखुरा सप्लायर्सका सचिव फौदोसिंह भण्डारी, सह-सचिव अचेत भट्टराई लगायतले नगरपालिकाको कदम र व्यवसायीका समस्या बारे जिज्ञासा राखेका थिए । उनीहरुले अबको बहस प्लाष्टिक प्रयोगबाट आवद्ध हानीहरुबारे भन्दापनि प्लाष्टिक प्रयोगको विकल्पबारे हुनुपर्नेमा जोड दिएका थिए ।

व्यवसायीका गुनासोका बारेमा प्रतिउत्तर दिदै प्लाष्टिक झोला तथा गिलास निषेध अभियानका संयोजक वसन्त चालिसेले नगरपालिकाले शुरुवात गरेको यो अभियान कार्यान्वयन हुनेमा शंका नगर्न तथा आ-आफ्नो स्थानबाट सहयोग गर्न सबैमा आग्रह गरे । नगरपालिकाले पोखरामा प्लाष्टिक झोला तथा गिलास निषेध गनुपूर्व नै व्यावसायीहरुलाई विकल्प दिइने तथा यो एक अभियान मात्र नभइ कानून नै बनिसकेको ईंद्रा सो को पालना गर्नुको विकल्प नभएको बताए ।

नगरपालिका कार्यालयका वातावरण महाशाखा प्रमुख चन्द्र प्रसाद काफ्लेले पोखरामा कुनैपनि हालतमा प्लाष्टिक झोला तथा गिलास निषेध हुने भएकाले सो का लागि यहाँस्थित सम्पुर्ण व्यावसायी तथा उपभोक्ताहरु तयार रहनुपर्नेमा जोड दिए । वातावरण महाशाखा प्रमुख चन्द्रप्रसाद काफ्लेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्लाष्टिक झोला तथा गिलास प्रयोगका हानीहरुबारे कार्यक्रमका फोकल पर्सन महेन्द्र गोदार, चन्द्रावती वास्ले, वातावरण अधिकृत निर्मलमार्सिह भण्डारी लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

पोखरा उप-महानगरपालिका कार्यालयले आगामी वैशाखदेखि पोखरामा प्लाष्टिक झोला तथा गिलास निषेध लगाउने घोषणा गरेको छ ।

सार्क सधैं भारत पाकिस्तान वार्ता र सम्बन्धको छायाँमा

पोखरा ४ चैत्र ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को सदस्य मुलुक भारत र पाकिस्तानबीचको दुईपक्षीय सम्बन्धकै कारण उनीहरु सधै चासोमा रहने गर्छन् । भारत र पाकिस्तानको बार्तालै सार्कको ध्यान उनीहरु तर्फ तानिन्छ ।यसपटक पनि त्यस्तै भएको छ । विदेशी मिडियाले भारत र पाकिस्तानले के कुरा गर्छन भन्नेमा नै केन्द्रित रह्यो । भने नेपाली मिडियाको ध्यान पनि दुई देश बैठकमा कसरी प्रस्तुत भए भन्ने विषयले नै तान्यो ।

मन्त्री स्तरीय बैठक लगतै पाकिस्तानका प्रधानमन्त्रीका विदेश मामिलासल्लाहकार सर्ताज अजिजले भारतिय विदेशमन्त्री सुष्मा स्वराजसार्फत भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई आफ्नो प्रधानमन्त्री नवाज सरिफको निमन्त्रणा पत्र हस्तान्तरण गरे । उनले सार्कको अध्यक्षबाट शिखर सम्मेलनको मिति घोषणा हुन पूर्वनै नोभेम्बरमा शिखरसम्मेलन गर्ने तिथि दिदै निमन्त्रणा गरेको हुन् । यद्यपि मन्त्री स्तरीय बैठकमा पनि तिथि तय भएको थियो । यस क्षेत्रको विकासमा सहकार्य गर्न आवश्यक छ, भारत त्यसको लागि सधै तयार छ, सुष्माले अजिजलाई भनिन । अजिजले पनि भारत र पाकिस्तानको दुई पक्षीय सम्बन्धको छायामा सार्कलाई पार्न नहुने भन्दै यसलाई इङ्गाटोमा राख्नपर्ने बताए । सार्क राजनीतिक फोरम नभएकोले यसलाई त्यही अनुरुप लैजान

पाकिस्तान तयार रहेको जानकारी उनले दिएको अधिकारीहरुले बताए । भेटपछि दुवैले गरेको पत्रकार सम्मेलनमा भारत पाक सम्बन्ध सुधारउन्मुख रहेको बताएका थिए । भारतीय प्रधानमन्त्रीलाई निमन्त्रणा दिइएको थियो ।

भने उक्त निमन्त्रणालाई सुष्माले स्विकार गर्दै अमेरिकामा पनि दुईपक्षीय भेटघाट हुन सक्ने बताएका थिए । पठानकोट एअरबेस आक्रमण बारे छानविन गर्न पाकिस्तानका अधिकारीहर आगामी २७ मार्चमा दिल्ली आउने र संयुक्त रुपमा काम गर्ने प्रस्तावमा मा संयुक्त टिम बनाएर काम अघि बढाउने भारतको प्रस्तावमा पाकिस्तानले सहमति जनाएको छ । सधै भारत-पाकिस्तानको विषयले सार्क ओझेलमा परेको विषयमा उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापाले दुईपक्षीयसम्बन्धको कारण यस्तो अवस्था आएपनि त्यसलाई चिर्दै सार्क अघि बढेको बताए । सार्कको फोरमा औपचारिक रुपमा दुईपक्षीय राजनीतिक विषय छलफल नभए पनि साइडलाइनमा यस्तो छलफल हुने गरेको छ । यसपटक पनि भारत पकिस्तानमात्र होइन आएका सबै सदस्य राष्ट्रहरुले एक अर्को मुलुकका समकक्षीसंग छलफल गरेको छ ।

ठोस निर्णय भएन

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) ले यस क्षेत्रको विकासमा प्रत्यक्ष सरोकार राख्ने विषयमा ठोस निर्णय गर्न नसकै पनि पुरानै परम्परामा आगामी शिखर सम्मेलनको तिथि तय गरेको छ । विकास परियोजना, बेरोजगारीको समस्या, एक अर्को मुलकलाई जोड्ने सडक र रेलवे संजाल, पर्यवेक्षकको लगायती लगायतको विषयमा देखिने प्रकारको कुनै ठोस निर्णय भएन ।

सार्कको मिनि शिखरसम्मेलनले चिनिने ३७औं मन्त्री स्तरीय बैठकले १९औं शिखर सम्मेलन आगामी नोभेम्बर ९,१० मा पाकिस्तानमा गर्ने तय गरेको हो । ३८ औं बैठक नोभेम्बर ८ मा गर्ने पनि निर्णय लिएको छ । पाकिस्तानले यस अघि नै शिखर सम्मेलन गर्ने नोभेम्बर भित्र नै पारेर तीन फरक-फरक तिथि दिएको थियो ।

आयोजित १८औं शिखर सम्मेलनमा नै पाकिस्तानले अर्को शिखर सम्मेलन गर्ने बताएको थियो । पाकिस्तानले यसअघि दुईवटा शिखर सम्मेलन गरिसकेको छ । निर्यातमा प्रक्रियामा हुने सार्कको नयाँ महासचिवको नाम अनुमोदन मन्त्रीपरिषदले गरेको छ । निर्यातमा हुनसे आगामी फेब्रुअरीपछि नया महासचिव अब्जद हुसेन वी सीयाल आउने छन् । बुधवार स्थायी समितिले पारित गरेको उनको नाममा मन्त्रीस्तरबाट स्विकृत भएको हो । बैठकले सार्क शिखर सम्मेलन अब हरेक नोभेम्बरमा गर्ने प्रस्ताव समेत पारित गर्दै आगामी शिखर सम्मेलनमा पेस गर्ने भएको हो । आगामी शिखर सम्मेलन सदा यो प्रावधान लागू हुदैन । तर आगामी शिखरसम्मेलनले पारित गरेमा राष्ट्रसंघ जस्तै सार्कको पनि एक 'फिक्स क्यालेन्डर' बन्नेछ ।

सार्कले आफ्ना क्षेत्रीय केन्द्रहरु धेरै र उहि प्रकृतिका भए भन्दै तीन केन्द्र खारेज गरेको थियो । खारेज गरी उस्ते प्रकारका चार केन्द्रहर गाभ्ने निर्णय आठौं शिखर सम्मेलन अघि नै लिएको थियो । तर भारत र पाकिस्तानले गाभिएको चार केन्द्र आफ्नोमा राख्ने अडान नछोडेपछि पुन त्यसबाट वातावरण भिकेर पाकिस्तानमा रहेको उर्जामा गाभेको छ । वातावरण तथा दैविप्रकोप व्यवस्थापन केन्द्रबाट वातावरण भिकेर पछि पाकिस्तानमा रहेको उर्जा केन्द्र अब वातारण तथा उर्जा र दिल्लीमा रहने भनिएको केन्द्रको नाम दैविप्रकोप व्यवस्थापन केन्द्र रहने भएको छ । सार्कमा ११ केन्द्र रहेको थियो यसलाई घटाएर पाचमा भर्नारिएको हो । फिनटे लमा उपप्रधानमन्त्री कमल थापाले दिएको वैकफास्ट बैठकमा अन्य मन्त्रीहरुसंगै भारत पाकिस्तान वार्तालै यो ठुंगो लगाए पछि अपरान्ह चलेको बैठकले अनुमोदन गरेको हो ।

बैठक सकिए लगतै उपप्रधान तथा परराष्ट्रमन्त्री तथा मन्त्रीस्तरीय बैठकमा अध्यक्ष थापाले सुन्दर नगरी पोखरामा सार्क बैठक उपलब्धि मुलक र कोशेढुंगा भएको बताए । उनले सार्कले साचे अनुसारको गति लिन नसकेकोमा सबै सदस्य राष्ट्र उतिकै चिन्तित रहेको बताउदै यसलाई जतिसक्दी उपयोगी बनाउन जोड दिएको पनि बताए । सबैप्रकारको सजालले सार्कलाई जोड्न पर्ने पनि बताए । सबै सदस्य मुलुक उतिकै महत्वपूर्ण रहेकाले हरेकलाई जोड्न स्थल,जल र हवाई संजाल बनाउन सक्नुपर्ने बताए । सन १९८५ मा नै स्थापना भएको सार्कले यतिबेला ठुलो फड्डी मार्न पर्ने तरमार्ग नसकेको भन्दै यसलाई कसरी अघि

बाँकी अन्तिम पृष्ठमा.....

साहित्य

मुक्तक

✍देवीशरण भण्डारी

भावनाले मात्र संसार चल्दैन रे भन्छन्
नठोसी त अगुल्टो नि चल्दैन रे भन्छन्
दुस्ख सुख घामछ्यायाँ जीवनको रङ्ग
बिना पानी माटो आफै गल्दैन रे भन्छन्।

❖❖❖

मेरो मौन सम्मतिलाई कमजोरी हो नठानिदेउ
बजारका हल्ला सबै सत्य हुन्छन् नमानिदेउ
संझौता हो जिन्दगी यो यसैभित्र बाँच्नु पर्छ
स्वार्थरहित भावनामा स्वार्थी लात नहानिदेउ।

❖❖❖

कहिलेकाहीं अतितलाई सँझिएर रुने गर्छु
वेदना छ गहभरी आँसु बहाई धुने गर्छु
संझनाको तरेलीमा पटकपटक छाइरहने
मुदुभित्र उनको बिम्ब सजाएर छुने गर्छु।

❖❖❖

बजार छैन बेचौं भने डोकाभरी समस्या छन्
हजार छन् मान्छे तिन्का पोकाभरी समस्या छन्
डोका पोका दुवै मिली किचिराछन् मान्छेलाई
घर भित्र छिद्राछिद्रै ढोकाभरी समस्या छन्।

❖❖❖

✍सुरज पराजुली

मुटु माथी टेकेर मर्माहत छन् यहाँ !
यथार्थ लाई लेखेर मर्माहत छन् यहाँ !!
घाँटी निमोठी मन्थे भनि फालेका हरु,
तर जिउदै देखेर मर्माहत छन् यहाँ !!!

❖❖❖

बिरानो बन्थे आफ्नै गाउँ शहर परदेशी को !
तुहेका छन कती मनका रहर परदेशी को !!
चर्को घाममा ज्यान सुकाउँदै काम गर्छन्,
आउन सक्छन् बाकसमा खबर परदेशी को !!!

❖❖❖

लेख्ने कठिन छन कती कहानी परदेशि को !!
कहिले आशु ले भिज्छ सिरानी परदेशि को !!
रात दिन भन्न पाईन्न खट्नु पर्छ सधैं काममा,
यसरी नै गुज्रेको छ जिन्दगानी परदेशी को !!!

❖❖❖

नोट : मुक्तकहरु सम्बन्धित व्यक्तिको फेसबुकबाट साभार

आजको पञ्चाङ्ग

मिति २०७२ साल चैत्र ५ गते शुक्रबार, तदनुसार मार्च १८ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कौलकामाकः संवत्सरः, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । वसन्त ऋतु चलिरहेको छ । चान्द्रमास अनुसार फाल्गुनशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज फाल्गुनशुक्लपक्षको दशमी तिथि १७ घटि ५ पला अर्थात दिनमा १ बजेर ०२ मिनेटसम्म त्यसउपान्त एकादशी तिथि लाग्नेछ । आज सूर्य मीन राशिमा, चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३० घटि ३ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १२ मिनेटमा रावण मूहर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर १३ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्गा सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ ।

वृष : यात्रु भाइमा मनमुटाव हुन सक्ने, धन हानीको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक असन्तोष हुने ।

मिथुन : आफन्तसँग झगडा हुने, कार्यमा विघ्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउनेछ, सतर्क हुनुहोला ।

कर्कट : आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टमित्रसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन रामो छ ।

सिंह : यात्रा असफल, खानामा गडबढी हुन सक्ने, कार्य अधुरा रहनेछन, छोराछोरीले सताउने, बायु रोगले सताउने ।

कन्या : गुमेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन रामो छ ।

तुला : शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रु वृद्धि हुने ।

वृश्चिक : समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला ।

धनु : शत्रुमाथि विजय, घरमा नयाँ पाहुनापहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला ।

मकर : व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन्, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुने ।

कुम्भ : धन प्राप्ति, सबै पकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइने ।

मीन : मानसिक पीडा थपिनेछ, प्रेममा विछोह हुन सक्नेछ , आयश्रोत घट्ने, पारिवारिक झमेला हुनसक्ने ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४९१४७३६९

साहित्य/सिर्जना

विजयराजको 'सिरानीमा जून' नियाल्दा

विजयराज ज्वाली समकालीन नेपाली गजलका क्षेत्रमा चर्चित नाम हो । उहाँको गजलमा वेदै स्वाद पाइन्छ । जसले अकौ गजल पढ्न पाठकलाई घच्च्याउँछ । गजलको धर्म र मर्मलाई पहिल्याएर शक्तिशाली र सुन्दर गजल रचना गर्ने थोरै गजलकारहरुको पंक्तिमा उहाँको नाम पर्दछ । फुटकर गजलबाटै चर्चा कमाएका ज्वालीले २०६५ मा जिन्दगीका विभ्वहरु प्रकाशन गर्नुभएको थियो । त्यसैको सफलता, चर्चा र हौसलो भर्खरै अर्को गजल संग्रह सिरानीमा जून प्रकाशन गर्नुभएको छ । कुनै पनि भाषा अनि कला साहित्यको विकास आपना गर्न गजल विधालाई मूल्याङ्कन गर्न पुग्छ । हाम्रो नेपाली भाषामा पनि गजल र गजलकारहरुको अभाव छैन । कहिलेकाहीं सुनिन्छ, उहाँ लेखेने तर कम पढिने विधा हो गजल । तर व्यावसायिक प्रकाशन गृहहरुबाट एक पछि अको गजल संग्रह छापिनुले नेपाली गजल पाठक पछिल्लो समयमा गजलप्रति उहि आकर्षित हुन भन्ने संकेत गरेको छ । यसको पछिल्लो उदाहरण हो, विजयराज ज्वालीको गजल संग्रह- सिरानीमा जून । जुन गजलले मन मष्तिस्कमा प्रभाव पार्न सक्छ, त्यही गजल शक्तिशाली अनि सुन्दर हुन्छ । पुस्तकको नाम नै राखिएको सिरानीमा जुनको सन्दर्भमा लेखिएको गजल-

सिरानीमा जून पर्दा तिम्रो याद आयो
खुसी सबै सागर सर्दा तिम्रो याद आयो
कति शान्त, सुन्दर अनि प्यारो थियो गाउँ
बाध्य भई बगाइ सर्दा तिम्रो याद आयो
(पृष्ठ-१)

गजलकार ज्वाली गजलमा खाली माया प्रेमका कुरामा मात्रै अल्झिएका छैनन्, उनले आफ्ना गजलमा देश देखेको, सिमा मिचिएको र देश नै पराइले लुट्ने हो कि भन्ने दुःख पीडा मिसिएका पीडित नेपाली नागरिकका चित्कार पनि समेटेका छन्-

सुरुमा सानो लुम्बिनी दुख्ने हो कि पीर लाग्छ
पीरै सगरमाथा पनि भत्कने हो कि पीर लाग्छ
(पृष्ठ-२६)

उनले गरिबी, अभाव र असमानतालाई हेरिएका, पछि पारिएका उत्पीडित जनहरुको पीडा, सीमान्तकृत मानिसहरुको जीवन र उनीहरुको मनोदशालाई गजलमा यसरी प्रस्तुत गरेका छन्-

सबैलाई चाहिने पैसाको मुठो होइन र ?
यो संसार जालझेल र भुठ्ठो होइन र ?
(पृष्ठ- ३५)

उनले आफ्ना गजल निकै सरल शब्दहरुबाट बुनेका छन् । तर तिनै सरल शब्दहरुमा विद्रोहको हुँकार देखिन्छ । काठमाडौंको सत्ता आफै विवेकले शासन गर्नभन्दा विदेशीको इशारामा चल्ने गरेको र विधिदै गएको आरोप छ उनको गजलमा । उनी भन्छन्-

आजभोलि ठीक छैन चाला काठमाडौंको
विदेशीको हातमा साँचो ताला काठमाडौंको
(पृष्ठ-५४)

विजयराजका गजलमा गजल संरचना र बनोट सजिलो र सरल छ तर त्यसले पार्ने प्रभाव गहिरो र स्थायी छ । उनी कलात्मकताका साथै विचारलाई विशेष महत्व दिन्छन् । गजलमार्फत् विचार र व्यवहार एकै नभएको अहिलेको सामाजिक यथार्थलाई चित्रण गर्दै कलम र तरवारको एउटै नहुने कुरा बताउँदुन्-

सबैको विचार एउटै हुँदैन
र त व्यवहार एउटै हुँदैन
रयातले इतिहास लेख्दा भनेर के गर्नु ?
कलम र तरवार एउटै हुँदैन
(पृष्ठ- ६८)

समयप्रति उनी निकै दुखित छन् । समयले मानिसलाई घरि-घरी दुख दिएको उनको अनुभव गजलमा पोखिएको छ । आशा देखाउँछ समयले नै तर पुगतिको बाटोमा बाधक बन्न आइपुग्छ समय नै । उनी समयले निप्दुर बनेर घरि-घरि फेरी कटेर डालिरहेको देखेमा पोख्छन् गजलमा-

पुगतिको ढोको हाच्छ समयले धरी-धरी
मुहिमा आगो बाच्छ समयले धरी धरी ।
हकुंठेछ मलजल गरी ठुलो हुने आश देखाई
फेरी काटी किन डाल्छ समयले धरी धरी ।
(पृष्ठ-६४)

शालीन, सभ्यता र प्रेम प्रणय जीवनको गहना हो । उनी आफ्नी प्रेमिकालाई परम सुन्दरीको रुपमा प्रशंसा गर्दै यदि भगवानले देखे भने पनि उनी हैरान हुने बताउँछन्-

भगवान पनि हैरान हुन्छ भेटेपछि तिमीलाई
यो ओठमा मुस्कान भेटेपछि तिमीलाई
(पृष्ठ- ६६)

धर्म-पण्थयका अतिरिक्त गजलकार ज्वालीले राष्ट्र र राष्ट्रियताप्रति सड्दो आस्था, माया र चिन्ता व्यक्त गरेका छन् । उनी देशलाई अनेक नाममा विश्वण्डन गर्नुभन्दा राष्ट्रिय एकतामै समृद्ध हुने विश्वास गर्छन् र मेची-काली र हिमाल, पहाड, तराई मूद्दा धर्दिकरेको बताउँछन्-

मेचीकाली, हिमाल, तराई
अङ्कलमा छ मेरो देश
सधीयता सुन्दा लाग्छ
बिभाजनमा छ मेरो देश
(पृष्ठ- ५६)

✍द्रोण घर्तीमगर

गजलकार ज्वालीको हृदय साहै भावुक र कोमलताले भरिएको छ । त्यसैले हाम्रा सास्कृतिक पर्वहरु हाम्रो औकातभन्दा टाढा देखेर उनी चिन्ता व्यक्त गर्छन् । उनी दशै, तिहारजस्ता पर्वहरु हुने खानेहरुका लागि मात्र हो, गरिवहरुका लागि हाँइनन् भन्ने कुरा गजलमा यसरी व्यक्त गर्छन्-

गरिबको आँसु झार्ने बिन आउँछ यो चाडबाड
बुझ्नमार्थि बुझ पुगार्न किन आउँछ यो चाडबाड
(पृष्ठ- ४८)

गजलको मकाम तखल्लस प्रयोग गरिरछ । गजलकार विजयराजको गजलमा तखल्लसको प्रयोग यसरी गरिएको छ-

अँधारो छ पक्कै यो औशीको रात हुनसक्छ
उनी आइनन् त्यसैले त 'विजय' निराश देखिन्छ
(पृष्ठ- ५२)

मानव जीवन प्रेम र हार्दिकताबाट सरल बन्दछ । गजलकार ज्वालीले आफ्ना गजलमा प्रेम, हार्दिकता, स्वतन्त्रता, राष्ट्र, राष्ट्रियता, युगबोध एवम् जीवनबोधलाई प्रकट गरेका छन् । गजल संग्रह 'सिरानीमा जून'- २०७१ मा निस्कारता र परिकार पाइन्छ । गजल संरचना नमिलेको र नसुहाएको कतै पनि देखिदैन ।

जे बटा गजलहरु संगृहित यो कृति पछिल्लो समयका नेपाली गजललाई वृझ्न चाहनेहरुका लागि राखो सन्दर्भ सामग्री बन्न सक्छ । निर्जनाको आगो बालेर समुन्नत समाज र राष्ट्र निर्माणका लागि जागरण पैदा गर्ने अभियानमा विजयराज ज्वाली सक्षम देखिएका छन् ।

गजलले गजलकार ज्वालीको भावना र कृष्ठाभावै बोल्दैनन्, मानवीयता, लोकतन्त्र र आवाजविहीनहरुको आवाज पनि बोल्छन् । यसमा गजलकार ज्वालीका गजलहरु सक्षम छन् ।

दिगो लोकतन्त्रका लागि सूचनाको हक

✍किरण पोखरेल

लोकतन्त्र वैयक्तिक स्वतन्त्रताको सम्पभूता अर्थात् व्यक्ति सर्वशक्तिमान् हुन्छ भन्ने मूल दर्शनबाट अभिप्रेरित शासन प्रणाली हो । सुसूचित नागरिकमाथि सर्वशक्तिमान् हुने हुनाले राज्यका सबै कामकारवाही वा गतिविधिमा उसको पहुँच भै दर्शनको व्यावहारिक कार्यान्वयन पक्ष हो । अझै हालै सम्पन्न लोकतन्त्रमा नागरिकले गराक्षी शासन प्रणालीका सबै गतिविधिमा सहभागी हुन पाउने अधिकार राख्न पाउनेहुनाले राजधिय रहेका कुनै पनि सार्वजनिक निकायले गरेका कामको जानकारी र ती निकायसँग भएका सूचनाको मालिक पनि जनता नै हुन्छन् । यही दर्शनमा आधारित भएर लोकतन्त्र भएका मूलकहरुमा जनतालाई सूचनाको हक प्रदान गरिएको हुन्छ ।

सामान्य अर्थमा लोकतन्त्र भन्नेबित्तिकै राजनीतिक स्वतन्त्रता सहितको शासन प्रणाली भन्ने बुझ्ने गरिन्छ । अलिक व्याख्या गर्ने हो भने जनताले चाहेको दल खोल्न पाउने, आवधिक निर्वाचन हुने, ती दल आवधिक निर्वाचनमा सहभागी हुन पाउने तथा जनताले आफूले रोजेको दल वा उम्मेदवारलाई प्रतिनिधित्व गर्न पठाउने र ती जनप्रतिनिधिहरुद्वारा निर्माण हुने सरकारको व्यवस्थालाई लोकतान्त्रिक शासन व्यवस्थाका रुपमा बुझ्ने गरिन्छ । यसलाई विशेष रुपमा परिभाषित गर्दा जनता आफैले आफूलाई शासन गर्ने, जनता आफैले आफ्नो कानून बनाउने तथा स्वतन्त्र र निष्पक्ष न्यायालयसहितको शासन व्यवस्था भन्ने गरिन्छ । नेपालको सन्दर्भमा त्यसो भए के जनता आफैले प्रत्यक्षरुपमा आएर शासन गर्ने हो ? के जनता आफै संसदभवन वा ठुँडिखेलमा उभिएर कानून बनाउने हो त ? यथवा के सदैव अदालतको धक्का खाँदै हिंडिरहनुपर्ने अवस्था नआओस् भनेर त्यसलाई स्वतन्त्र मानने हो त ? होइन । लोकतन्त्रका यी सिद्धान्तहरु कार्यान्वयन हुने विधि बेलै छ ।

पहिलो, जनताले आफूले मन पराएको दलका उम्मेदवार वा स्वतन्त्र व्यक्तिलाई समेत आफ्नो प्रतिनिधिका रूपमा निर्वाचनबाट चुनेर पठाउँछन् । दोस्रो, उहाँहरुले आफूले चुनेर पठाएका जनप्रतिनिधिहरुले निर्माण गरेको सरकारले गरेका सबै काम, कारवाही र निर्णय देश र आफूअनुकूल छन कि छैनन् भनेर जाँच गर्छन् । जनप्रतिनिधिले निर्माण गरेको कानून देश र जनताअनुकूल छन् कि छैनन् भनेर मूल्यांकन गर्छन् । तेस्रो, आफूले चुनेर पठाएका जनप्रतिनिधिले पनि सबै काम राम्रो सम्पन्न गरे भने पुनः निर्वाचित गर्छन् । होइन, प्रतिकूल कामकारवाही र निर्णय गरेको भए तिनलाई बदल्ने र धेरै चित्त नबुझे शासन प्रणाली नै फेरबदल गर्ने सामर्थ्य राख्छन् । न्यायालयका हकमा यसको माध्यम अलिक घुमाउरो होला तर यो सामर्थ्य पनि जोकोहीमा अन्तत: जनतासँग सुनिहत हुन्छ । न्यायालयबाट स्वतन्त्र डगले काम गर्ने वातावरण निर्माणमा आफ्ना प्रतिनिधिले सहयोग पुऱ्याए कि पुऱ्याएनन् ? जनप्रतिनिधिले हस्तक्षेप गरेर काममा बाधा पो पुऱ्याए कि ? अथवा न्यायालयले निष्पक्ष न्याय दिनुको साटो मनपरी गर्न थाल्दा तिनलाई नियन्त्रण र सन्तुलनको सिद्धान्त अवलम्बन गरेर ठीक ठाउँमा ल्याउने भूमिका खेले कि खेलेनन् भनेर पनि जनतासँग मूल्यांकन गरिरहेका हुन्छन् । त्यसैकारण ती मूलकहरुमा पनि सूचनाको हकसम्बन्धी कानून निर्माण गर्न दबाव बढ्न थालेको छ । २०४६ सालपछि स्थापित प्रजातन्त्रमा पनि सुशासन, पारदर्शीता र जवाफदेहीताको अभावले टिकाउन सकिएन । जनताले अनुभूत नगरे पछि त्यसमाथि तानाशाहहरुले प्रहार गर्दा जनता मौन बसिदिए । यहि कुरालाई विचार गरेर २०६३ सालको अन्तरिम संविधानको धारा २७ मा आफ्नो राजनीतिक वा कानूनमा मात्र सीमित रहन्छ । त्यसलाई दिगो राख्न सकिन्न ।

जनताले अनुभूत गर्ने शासन प्रणाली भएकै कारण शब्दावलीमा पनि यो शासन व्यवस्थालाई लोकतन्त्र भनिएको हो ।

तर, यसका लागि केही सर्तहरु छन् अर्थात् जनताले अनुभूत गर्ने शासन प्रणालीका केही नीति मनियर्थ छन् । शासन प्रणाली खुला र पारदर्शी हुन जरुरी छ । त्यस्तै शासन प्रणाली जनताप्रति जवाफदेही पनि हुनुपर्छ । शासन व्यवस्था खुला, पारदर्शी र जवाफदेही हुन शासन व्यवस्थामा हुने गरेका हरेक गतिविधि, कामकारवाही र निर्णय प्रक्रियाबारे जनतालै थाहा पाउनुपर्छ र त्यसलाई प्रवाह गर्न पाउनुपर्छ अर्थात् प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सुशासन, पारदर्शीता र जवाफदेही सरकार लोकतन्त्रका सूचक हुन् । यिनको अवस्थाले त्यस देशको लोकतन्त्रको अवस्थालाई इंगित गर्छ । यी चार कुरा बलियो छन् भने लोकतन्त्र पनि सुदृढ छ । यी कमजोर छन् भने लोकतन्त्र पनि कमजोर छ भन्ने प्रस्ट हुन्छ । यी चार कुरा जाँच गर्ने र त्यसलाई स्थापित गर्ने सूचक तथा हतियार औजार भनेको सूचनाको हक हो । सूचनाको हकको जति प्रभावकारी कार्यान्वयन हुन्छ, मूलकमा त्यति बढी पारदर्शिता, सुशासन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र जवाफदेही शासन प्रणाली कायम हुन्छ । यसअर्थमा सूचनाको हक पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन गर्ने नागरिक अधिकार हो । सूचनाको हकले सार्वजनिक निकायसलाई निश्चित जिम्मेवारी तोकी पारदर्शी बनाउने र सार्वजनिक निकायद्वारा सम्पादन हुने कामकारवाही, निर्णय तथा सोसम्बन्धी प्रक्रियाका बारेमा प्रत्येक नागरिकको जानकारी मान्ने तथा पाउनेअधिकार प्रत्याभूत गर्छ । सूचनाको हकको प्रयोगबाट सेवाप्रदायकको कामकारवाही सेवा तथा प्रक्रियाका बारेमा जनताद्वारा अनुगमन गर्ने अवसर प्राप्त हुन्छ र त्यसबाट जनता सम्पन्न हुन् भन्ने तथ्य स्थापित हुन्छ । यसैकारण संसारका लोकतान्त्रिक मुलुकहरुले सूचनाको हकसम्बन्धी कानून निर्माण गरेर कार्यान्वयनमा ल्याएका हुन् । संविधानत: लोकतान्त्रिक व्यवस्था दावी गरेका कतिपय मुलुकमा सूचनाको हकसम्बन्धी कानून नहुँदा जनताले लोकतान्त्रिक शासन व्यवस्थाको अनभूति गर्न सकेका छैनन् ।

त्यसैकारण ती मुलुकहरुमा पनि सूचनाको हकसम्बन्धी कानून निर्माण गर्न दबाव बढ्न थालेको छ । २०४६ सालपछि स्थापित प्रजातन्त्रमा पनि सुशासन, पारदर्शीता र जवाफदेहीताको अभावले टिकाउन सकिएन । जनताले अनुभूत गर्न सकेनन् । जनताले अनुभूत गर्ने शासन प्रणाली भएकै कारण शब्दावलीमा पनि यो शासन व्यवस्थालाई लोकतन्त्र भनिएको हो ।

तर, यसका लागि केही सर्तहरु छन् अर्थात् जनताले अनुभूत गर्ने शासन प्रणालीका केही नीति मनियर्थ छन् । शासन प्रणाली खुला र पारदर्शी हुन जरुरी छ । त्यस्तै शासन प्रणाली जनताप्रति जवाफदेही पनि हुनुपर्छ । शासन व्यवस्था खुला, पारदर्शी र जवाफदेही हुन शासन व्यवस्थामा हुने गरेका हरेक गतिविधि, कामकारवाही र निर्णय प्रक्रियाबारे जनतालै थाहा पाउनुपर्छ र त्यसलाई प्रवाह गर्न पाउनुपर्छ अर्थात् प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सुशासन, पारदर्शीता र जवाफदेही सरकार लोकतन्त्रका सूचक हुन् । यिनको अवस्थाले त्यस देशको लोकतन्त्रको अवस्थालाई इंगित गर्छ । यी चार कुरा बलियो छन् भने लोकतन्त्र पनि सुदृढ छ । यी कमजोर छन् भने लोकतन्त्र पनि कमजोर छ भन्ने प्रस्ट हुन्छ । यी चार कुरा जाँच गर्ने र त्यसलाई स्थापित गर्ने सूचक तथा हतियार औजार भनेको सूचनाको हक हो । सूचनाको हकको जति प्रभावकारी कार्यान्वयन हुन्छ, मूलकमा त्यति बढी पारदर्शिता, सुशासन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र जवाफदेही शासन प्रणाली कायम हुन्छ । यसअर्थमा सूचनाको हक पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन गर्ने नागरिक अधिकार हो । सूचनाको हकले सार्वजनिक निकायसलाई निश्चित जिम्मेवारी तोकी पारदर्शी बनाउने र सार्वजनिक निकायद्वारा सम्पादन हुने कामकारवाही, निर्णय तथा सोसम्बन्धी प्रक्रियाका बारेमा प्रत्येक नागरिकको जानकारी मान्ने तथा पाउनेअधिकार प्रत्याभूत गर्छ । सूचनाको हकको प्रयोगबाट सेवाप्रदायकको कामकारवाही सेवा तथा प्रक्रियाका बारेमा जनताद्वारा अनुगमन गर्ने अवसर प्राप्त हुन्छ र त्यसबाट जनता सम्पन्न हुन् भन्ने तथ्य स्थापित हुन्छ । यसैकारण संसारका लोकतान्त्रिक मुलुकहरुले सूचनाको हकसम्बन्धी कानून निर्माण गरेर कार्यान्वयनमा ल्याएका हुन् । संविधानत: लोकतान्त्रिक व्यवस्था दावी गरेका कतिपय मुलुकमा सूचनाको हकसम्बन्धी कानून नहुँदा जनताले लोकतान्त्रिक शासन व्यवस्थाको अनभूति गर्न सकेका छैनन् ।

त्यसैकारण ती मुलुकहरुमा पनि सूचनाको हकसम्बन्धी कानून निर्माण गर्न दबाव बढ्न थालेको छ । २०४६ सालपछि स्थापित प्रजातन्त्रमा पनि सुशासन, पारदर्शीता र जवाफदेहीताको अभावले टिकाउन सकिएन । जनताले अनुभूत गर्ने शासन प्रणाली भएकै कारण शब्दावलीमा पनि यो शासन व्यवस्थालाई लोकतन्त्र भनिएको हो ।

सन् १७८९ मा फ्रिडेनमा जनतालाई सूचनाको हक दिनेरुपी पहिलो कानून बनेको थियो । त्यसको भन्डै एक शय ८७ वर्षपछि सन् १९४३ मा फिनल्याण्डमा दोस्रो कानून आयो सन् १९९० सम्म १३ वटा मूलकमा माथि यो कानून रहेकोमा लोकतन्त्रको विश्वव्यापी लहरसँगै अहिले विश्वका १०४ मूलकमा कार्यान्वयनमा छ । संविधानमै व्यवस्था भएर सूचनाको हक कार्यान्वयनमा आएका मूलक ५९ वटामात्र छन् । त्यसमध्ये नेपालको स्थान विश्वमा अगाडिनमा छ । सूचनाको हकका विश्वप्रसिद्ध अभियन्ताहरुले गरेको सूचनाको हकसम्बन्धी कानूनको स्तर निर्धारणअनुसार नेपाल एक शय चार मूलकमध्ये २२औं स्थानमा पर्छ । सूचनाको हकलाई जनताले तिरेको करबाट जम्मा भएको राजस्वको गलत प्रयोग एवं गलत कार्यसँगै जोडेर सबैभन्दा प्रभावकारी साधन मानिन्छ । नेपालमा सूचनाको हकसम्बन्धी ऐनको स्तर र यो तथ्यलाई हेर्ने हो भने नेपालमा धप्टाचारको अवस्था भयावह नहुनुपर्ने हो । तर, ट्रान्सपरेन्सी इन्टरनेसनलले सन् २०१५ मा सार्वजनिक गरेको 'करप्सन परसेप्सन इन्डेक्टर' मा नेपाल एक शय २३औं स्थानमा परेको छ । यसबाट प्रस्ट हुन्छ, नेपालमा सूचनाको हकसम्बन्धी कानून राम्रो भए पनि त्यसको कार्यान्वयन अवस्था सन्तोषजनक छैन ।

सूचनाको हकको छोटो इतिहास, कार्यकारीतन्त्रमा हावी'गोप्य संस्कृति' र नागरिकको अनभिज्ञता यसका मुख्य कारण हुन् । तथापि आयोगले स्थापनाको छोटै समयभित्र आफ्नो प्रयास तीव्र पार्दै लगेको छ ।

२०१६ सालको ऐतिहासिक जनआन्दोलनपछि बनेको नेपाल अधिराज्यको संविधान, २०१७ को धारा १६ मा सार्वजनिक सरोकारको विषयका सूचनामा जनताको पहुँचलाई मौलिक हकका रूपमा व्यवस्था गरियो । तर, कानून निर्माणको अभावमा त्यसको कार्यान्वयन हुन सकेन । अर्को जनआन्दोलनपछि बनेको नेपालको अन्तरिम संविधान, २०६३ मा यसको दायरा फराकिलो बनाइयो । यो संविधानको धारा २७ मा नेपाली नागरिकलाई आफ्नो र सार्वजनिक सरोकारको त्यस्ता मामले र प्राप्त गर्ने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको यो व्यवस्था कार्यान्वयनमा ल्याउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागू भएको छ । यो ऐनको दफा ९१मा व्यवस्था भएबमोजिम नेपाली नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रबलन गर्न मुख्यमन्त्री पञ्चायित्व २०५५ वैशाख २२ गते राष्ट्रिय सूचना आयोग गठन भएको छ ।

सूचनाको हक र राष्ट्रिय सूचना आयोग:

नेपालको सन्दर्भमा यसको त्यति धेरै लामो इतिहास छैन । सूचनाको हकसम्बन्धी कानून निर्माण भए पश्चात् गठन भएको आयोगले नेपाली नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रबलनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । संविधान र कानूनले नागरिकको अभावमा त्यसको कार्यान्वयन हुनसक्दैन । संविधान र कानूनले व्यवस्था गरेका हरकहरूको नियमनका लागि सम्बन्धित निकाय आवश्यक हुन्छ । सोहीअनुसार संविधानमै मौलिक हकका रूपमा व्यवस्था भएपछि यससम्बन्धी कानून निर्माण भए यसको नियमनका लागि राष्ट्रिय सूचना आयोग गठन अनिवार्य भन्यो । कानून नबनेर संविधानमा मात्र व्यवस्था हुँदा सूचनाको हकलाई नियमन गर्ने निकाय गठन नभएको हुनसक्छ । तर, कानून निर्माण भइसकेपछि त्यसको नियमाक निकाय गठन नहुने हो भने कार्यान्वयन प्रभावकारी हुँदैन । नेपालको सन्दर्भमा पनि यही देखिएको छ । २०४७ सालको संविधानमा सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु जनताको मौलिक हक हो भनेर व्यवस्था गरिए पनि सोसम्बन्धी कानून निर्माण नभएका कारण सूचना आयोग गठन हुन सकेको थिएन । राष्ट्रिय सूचना आयोग नागरिकको सूचनाको हक कार्यान्वयनको नियमन गर्ने स्वतन्त्र निकाय हो । त्यसैले नियामक निकाय छ वा सूचनाको हकको स्वधरी गर्ने निकाय छ भनेर पनि कानून बनाइसकेपछि सूचना आयोग सक्षम हुन्छ । सूचना आयोग स्वतन्त्र निकाय भएकोले न्याय निरूपण पनि स्वतन्त्र ढंगले नै हुने गरेको छ । अन्यायमा परेका नागरिकले राष्ट्रिय सूचना आयोगलाई सहाराको रूपमा लिएर सूचना माग गर्न उत्प्रेरित हुने गरेका छन् भने सूचना दिनुपर्ने सार्वजनिक निकायहरू पनि कानूनबमोजिम आयोगले दण्ड गर्ने भयका कारण सूचना दिन बाध्य भएका छन् । सूचना आयोगसरह नियमनकारी निकायहरूको स्थापना भारपर्छ लोकाचारका लागि पनि काम गर्नेपने भएकोले सूचनाको हकको कार्यान्वयनमा बढोत्तरी भएको देखिन्छ । लोकतन्त्रको आधारस्तम्भ हुँदाहुँदै पनि नेपालको सन्दर्भमा सूचनाको हक नौलो विषय हो । यसको इतिहास सात वर्षको मात्र छ वार्षिक १२ वटा पुनरावेदनबाट वार्षिक झन्डै एक हजार पुनरावेदन पर्ने अवस्थामा आइपुगेकोले पनि राष्ट्रिय सूचना आयोगको महत्वलाई प्रस्ट पारेको छ यो त्यति धेरै उत्साहजनक अवस्था भने होइना सार्वजनिक निकायले सूचना दिन इन्कार गरेर आयोगमा आउनु सूचनाको हकका लागि सन्तोषजनक विषय नभए पनि यो तथ्यकले सूचना आयोगप्रति नागरिकको भरोसा र यसको महत्वलाई दर्साउँछ ।

(लेखक : नेपाल प्रेस युनियनका पूर्व केन्द्रीय अध्यक्ष हुन्)

हकको नियमन गर्ने निकाय गठन नभएको हुनसक्छ । तर, कानून निर्माण भइसकेपछि त्यसको नियमाक निकाय गठन नहुने हो भने कार्यान्वयन प्रभावकारी हुँदैन । नेपालको सन्दर्भमा पनि यही देखिएको छ । २०४७ सालको संविधानमा सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु जनताको मौलिक हक हो भनेर व्यवस्था गरिए पनि सोसम्बन्धी कानून निर्माण नभएका कारण सूचना आयोग गठन हुन सकेको थिएन । राष्ट्रिय सूचना आयोग नागरिकको सूचनाको हक कार्यान्वयनको नियमन गर्ने स्वतन्त्र निकाय हो । त्यसैले नियामक निकाय छ वा सूचनाको हकको स्वधरी गर्ने निकाय छ भनेर पनि कानून बनाइसकेपछि सूचना आयोग सक्षम हुन्छ । सूचना आयोग स्वतन्त्र निकाय भएकोले न्याय निरूपण पनि स्वतन्त्र ढंगले नै हुने गरेको छ । अन्यायमा परेका नागरिकले राष्ट्रिय सूचना आयोगलाई सहाराको रूपमा लिएर सूचना माग गर्न उत्प्रेरित हुने गरेका छन् भने सूचना दिनुपर्ने सार्वजनिक निकायहरू पनि कानूनबमोजिम आयोगले दण्ड गर्ने भयका कारण सूचना दिन बाध्य भएका छन् । सूचना आयोगसरह नियमनकारी निकायहरूको स्थापना भारपर्छ लोकाचारका लागि पनि काम गर्नेपने भएकोले सूचनाको हकको कार्यान्वयनमा बढोत्तरी भएको देखिन्छ । लोकतन्त्रको आधारस्तम्भ हुँदाहुँदै पनि नेपालको सन्दर्भमा सूचनाको हक नौलो विषय हो । यसको इतिहास सात वर्षको मात्र छ वार्षिक १२ वटा पुनरावेदनबाट वार्षिक झन्डै एक हजार पुनरावेदन पर्ने अवस्थामा आइपुगेकोले पनि राष्ट्रिय सूचना आयोगको महत्वलाई प्रस्ट पारेको छ यो त्यति धेरै उत्साहजनक अवस्था भने होइना सार्वजनिक निकायले सूचना दिन इन्कार गरेर आयोगमा आउनु सूचनाको हकका लागि सन्तोषजनक विषय नभए पनि यो तथ्यकले सूचना आयोगप्रति नागरिकको भरोसा र यसको महत्वलाई दर्साउँछ ।

(लेखक : नेपाल प्रेस युनियनका पूर्व केन्द्रीय अध्यक्ष हुन्)

टोड्केलाई पर्यटक गन्तव्य बनाउन पहल

सन्तोष गौतम
म्यादी ४ चैत्र ।

